कयामतको दिनमा (कर्म जोख्ने बखत) तराजुमा असल व्यवहार भन्दा गरुङ्गो (भारी) कुनै पनि चीज हुनेछैन। निश्चय नै, अल्लाह अश्लील र अभद्र व्यक्तिसँग घृणा गर्नुहुन्छ।

अबू-दर्दा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "कयामतको दिनमा (कर्म जोख्ने बखत) तराजुमा असल व्यवहार भन्दा गरुङ्गो (भारी) कुनै पनि चीज हुनेछैन। निश्चय नै, अल्लाह अश्लील र अभद्र व्यक्तिसँग घृणा गर्नुहुन्छ।"
[सही] [अबू दाउद र तिर्मीजीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, कयामतको दिनमा विश्वासीहरूको कर्म तौलँ गर्दा तराजुमा सबैभन्दा भारी सत्कर्म उत्तम आचरण हुनेछ, जस्तैः अनुहारमा मुस्कान, कसैलाई दुःख नदिनु र राम्रा कार्यहरू गर्नु। अल्लाहले कर्म र बोली दुवैमा अश्लील र अभद्र कुरालाई घृणा गर्नुहुन्छ, र मुखले बोल्ने अश्लील वचनलाई मन पराउनुहुन्न।

https://sunnah.global/hadeeth/ne/show/5371